# सैनामैना नगरपालिकाको स्वास्थ्य ऐन, २०७८

## सैनामैना नगरपालिका

## लुम्बिनि प्रदेश

**प्रस्तावनाः**
सैनामैनावासीहरुलाई संविधान प्रदत्त स्वास्थ्य सम्वन्धी हक र अधिकार सुनिश्चित गर्न र "नेपालको संविधानको धारा ५७ को उपधारा (४) को अनुसूची-८ को सूची नं. ९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (झ) मा व्यवस्थित काम कर्तव्य र अधिकारको प्रयोजनको लागि र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (ज) मा प्रत्यायोजन गरिएको अधिकार प्रयोग गरी नगरपालिका क्षेत्र भित्र र समग्र स्वास्थ्य क्षेत्रको विकासका लागी सैनामैना नगरपालिका क्षेत्रमा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य क्षेत्रमा सुधार गर्दै समयानुकूल उच्च प्रविधियुक्त स्वास्थ्य सेवाको विस्तार तथा विकास गर्न, गराउन स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६, लुम्बिनि प्रदेश अर्न्तगतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ बमोजिमको रित प्रक्रिया अपनाई र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार सैनामैना नगरपालिकाको नगरसभावाट सैनामैना नगरपालिकाको स्वास्थ्य ऐन, २०७८ पारित गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस ऐनको नाम सैनामैना नगरपालिका स्वास्थ्य ऐन, २०७८ रहेको छ ।

(ख) यो ऐन नगरसभाबाट स्वकिृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको दिन देखी लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्रमुख" भन्नाले सैनामैना नगरपालिकाको प्रमुख लाई सम्झनुपर्छ ।

(ख) "उप प्रमुख" भन्नाले सैनामैना नगरपालिकाको उप-प्रमुख लाई सम्झनुपर्छ ।

(ग) "ऐन" भन्नाले सैनामैना नगरपालिकाको स्वास्थ्य ऐन २०७८ लाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले सैनामैना नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) " नगरपालिका" भन्नाले सैनामैना नगरपालिका सम्झनु पर्छ ।

(च) " नगरसभा" भन्नाले सैनामैना नगरपालिकाको नगरसभालाई वुझ्नुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सैनामैना नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "वडा अध्यक्ष" भन्नाले सैनामैना नगरपालिकाका वडा अध्यक्ष सम्झनुपर्छ ।

(झ) "वडा समिति" भन्नाले सैनामैना नगरपालिकाको वडा अध्यक्ष र सदस्य रहेको वडा समितिलाई सम्झनुपर्छ ।

(ञ) " स्वास्थ्य शाखा" भन्नाले सैनामैना नगरपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागी तोकिएको शाखा/उपशाखा/इकाई सम्झनुपर्छ ।

(ट) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई आयुर्वेद तथा बैकल्पीक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा केन्द्रहरु लगायत अन्य स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ठ) "गैह सरकारी स्वास्थ्य संस्था" भन्नाले निजी क्षेत्र, ट्रष्ट वा लोककल्याणकारी, गुठी लगायतका संस्थाहरुबाट सेवाको साथसाथै नाफामूलक वा गैह नाफामुलक उदेश्यले नगरपालिका भित्र संचालति सबै

प्रकारका स्वस्थ्य संस्थाहरु संघ-संस्थाहरु (जस्तै अस्पताल, क्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना, सुधारकेन्द्र, फार्मेसी अनुसन्धान केन्द्र/डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदि) लाई सम्झनु पर्दछ ।

(ड) "स्वास्थ्य सेवा व्यवसाय" भन्नाले स्वास्थ्य उपचारको लागी चाहिने सवै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्न उद्योग, ओसार पसार भण्डारण, विक्रि वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यवसायलाई वुझ्नुपर्छ ।

(ढ) "स्वास्थ्य सेवा व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ५ अनुसार नगरपालिकामा गठित स्वास्थ्य सेवा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ण) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ७ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

## परिच्छेद २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक सम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः** (१) स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

(क) सरकारीः सरकारी स्वामित्वमा नगरपालिका भित्र संचालन भएका प्रतिष्ठान, अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य सेवा केन्द्र, आयूर्वेद औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक, आयूर्वेद केन्द्रहरु लगायतका सरकारी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजीः निजी क्षेत्रद्वारा संचालित मेडिकल कलेज, अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, निदान केन्द्र, फार्मेसी लगायतका निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) सामुदायिक, ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः सामुदायिक स्वामित्वमा रहेका र ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन भएका अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक लगायतका स्वस्थ्य सेवा प्रदायकहरु हुनेछन् ।

**४. सेवा प्रवाहमा साझेदारी गर्न सक्ने :** (१) नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, गैर सरकारी संस्थाहरु, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग स्वास्थ्य सम्बन्धि विभिन्न क्रियाकलापहरु गर्नका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरु लगायत सेवा सम्बन्धि अन्य सहायताहरु प्राप्त गर्न सक्नेछ ।

## परिच्छेद ३

## समिती सम्बन्धी व्यवस्था

**५.नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिः** (१) नगरपालिकाको स्वास्थ्य क्षेत्रको नीति, रणनीतिहरु निमार्ण तथा कार्यान्वयन गर्न र नगरपालिका क्षेत्रभित्र रहेका सरकारी, नीजि, सामुदायिक, ट्रष्ट वा लोककल्याणकारी स्वास्थ्य संस्थाहरुको रेखदेख समन्वय, अनुगमन, नियमन र व्यवस्थापन गर्न देहाय बमोजिमको नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिको गठन गरिने छ ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उप प्रमुख - उपाध्यक्ष

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

(ङ) महिला स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(च) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(छ) कार्यपालिका सदस्यहरुमध्येवाट नगरपालिका अध्यक्षले तोकेको १ जना महिला सहित २ जना सदस्य

(ज) स्वास्थ्य संस्था प्रमुख मध्येहरुबाट प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना- सदस्य

(झ) स्वास्थ्य क्षेत्रमा कार्यरत गैह्र सरकारी संस्था तथा नीजि क्षेत्रको प्रतिनिधीत्व हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ञ) नगरपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

२) समितिले आवश्यकताको आधारमा सम्बन्धित बिषयको बिशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६. **नगरपालिका स्वास्थ्य व्यवस्थापन समिति को काम, कर्तव्य र अधिकार :** (१) नगर स्वास्थ्य व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) नगरपालिकाको क्षेत्राधिकार भित्रको स्वास्थ्य सेवा तथा सरसफाईको तथ्याङ्कहरु विश्लेषण गरि नगरपालिकाको आवश्यकतामा आधारित भएर स्वास्थ्य तथा सरसफाइ सम्बन्धि बार्षिक तथा आवधिक योजनाहरु तयार गर्ने ।

(ख) नगरपालिका भित्रको स्वास्थ्य सेवा विकास, विस्तार र गुणस्तर सुनिश्चितताको योजना तयार गर्ने,

(ग) नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवसायहरु संचालनका लागि अनुमति, स्वीकृति, स्वास्थ्य संस्था स्थानान्तरण, समायोजन सम्बन्धी नगरकार्यपालिकालाई आवश्यक सिफारिस /राय प्रदान गर्ने ।

(घ) स्वास्थ्य संस्था र स्वास्थ्य सेवा व्यवस्थापनका लागी आवश्यक जनशक्ति लगायत अन्य श्रोत साधन जुटाउने र प्रभावकारी परिचालन गर्ने गराउने ।

(ङ) नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने स्वास्थ्य संस्थाहरु र स्वास्थ्य सेवा व्यवसायहरूलाई गुणस्तरिय, मर्यादित र व्यवस्थित बनाउने,

(च) नगरपालिकावाट स्थापना भएका स्वास्थ्य संस्थाहरूमा दरबन्दी, सेवा, सुविधा र सर्तहरु सम्बन्धमा कार्यपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(छ) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यवसाय र व्यवस्थापन समितिहरुलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(झ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायहरूको अनुगमन, सुपरीवेक्षण तथा मुल्याँकनको लागि आवश्यक व्यवस्था मिलाउने ।

(ञ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन सम्झौता अनुकुल हुने गरि सहयोगात्मक सुपरिवेक्षण गर्ने ।

(ठ) स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने, गराउने ।

(ड) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायीहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारणका लागि कार्यपालिका समक्ष सिफारीस गर्ने ।

(ढ) स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने, गुनासा, उजुरी, सुन्ने, तथा यथोचित सम्वोधन गर्ने, गराउने

(त) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(थ) नगर कार्यपालिकालाई स्वास्थ्य क्षेत्रको विकास र विस्तारमा आवश्यकता अनुसार राय सुझाव र सल्लाह दिने ।

(द) नगरपालिकाले स्वास्थ्य कार्यक्रमहरुको लक्ष्य तथा उपलब्धिबारे समिक्षा गर्ने, सुझाव दिने तथा आवश्यक लिखित पृष्ठपोषण सहित योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(ध) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्ति, औजार-उपकरण, औषधि तथा औषधि जन्य सामाग्रीको उचित उपयोग, संरक्षण र व्यवस्थापन गर्ने, गराउने ।

(फ) नगरपालिकामा स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्यरत स्थानिय /निजि तथा गैह सरकारी संघ संस्थाहरुसंग समन्वय तथा आवश्यक परामर्श गर्ने ।

(२) नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिको बैठक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. नगरपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता उप समितिः** (१) नगरपालिका क्षेत्र भित्र रहेका सरकारी तथा गैह्सरकारी स्वास्थ्य संस्थाहरुबाट प्रवाह भईरहेको स्वास्थ्य सेवाका अनुगमन तथा गुणस्तर सुनिश्चिततताका लागि नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिको मातहतमा रहने गरी देहाय बमोजिमको स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता उप-समिती रहने छ ।

(क) नगर उप-प्रमुख - अध्यक्ष

(ख) सामाजिक विकास समिति संयोजक - सदस्य

(ग) नगरसभाका सदस्यहरू मध्येबाट अध्यक्षले तोकेको १ जना महिला सदस्य - सदस्य

(घ) नगरपालिका योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य

(ङ) नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिले तोकेको एक जना मेडिकल अधिकृत वा नर्सिङ प्रतिनिधि - सदस्य

(च) स्थानीय उपभोक्ता हित संरक्षण मञ्चको प्रमुख वा प्रतिनिधि एक जना -सदस्य

(छ) नगरपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) नगरपालिका स्वास्थ्य अनुगमन उप-समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) स्वास्थ्य सेवा प्रवाह सम्बन्धि तथ्य/प्रमाण को वारेमा छलफल तथा विश्लेषण गरि अनुगमन योजना बनाइ अभिलेखिकरण गर्ने ।

(ख) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायहरूको अनुगमन, सुपरीवेक्षण तथा मुल्याँकनको लागि आवश्यक व्यवस्था मिलाउने ।

(ग) अनुगमनको क्रममा देखिएका विषयवस्तुहरुमा आवश्यक सुझाव, अनुशिक्षण तथा लिखित पृष्ठपोषण प्रदान गरी सुधारका लागि कार्ययोजना तयार पार्न सहयोग गर्ने ।

(घ) अनुगमन पश्चात प्रतिवेदन तयार पारी नगरपालिका स्वास्थ्य समितीलाई पेश गर्ने ।

(ङ) समितिको बैठकमा उपस्थिति र निर्णयहरु लेख्दा एकरुपताको लागि बैठकको अध्यक्षता गर्ने व्यक्ति, मिति, स्थान, उपस्थित व्यक्तिहरुको नाम र दस्तखत, छलफलका विषयहरु, बैठकमा पेश गर्ने

(च) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन सम्झौता अनुकुल हुने गरि सहयोगात्मक सुपरिवेक्षण गर्ने ।

(छ) स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने, गराउने ।

(ज) स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता उप-समितीको बैठक उप समितिले नै निर्धारण गरे बमोजिम हुनेछ ।

**८. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल स्थापना गरी सञ्चालन गर्न सक्नेछ। नगरको आवश्यकताका आधारमा संघीय तथा प्रदेश कानुनसंग नबाँझिने  गरि अस्पतालको क्षमता विस्तार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापित अस्पताल संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम रहने गरि अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(क) नगर प्रमुख - संरक्षक

(ख) नगरपालिका भित्र बसोवास गर्ने र नगरपालिकाले निर्धारण गरे बमोजिमको योग्यता पुगेको व्यक्ती मध्येबाट कार्यपालिकाबाट मनोनीत व्यक्ति - अध्यक्ष

(ग) सामाजिक बिकास समितिको संयोजक - सदस्य

(घ) सम्वन्धीत अस्पताल रहेको वडाको अध्यक्ष - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी-सदस्य

(च) नगरपालिका स्वास्थ्य शाखा प्रमुख- सदस्य

(छ) नगरकार्यपालिकाबाट मनोनित महिला सदस्य एक जना - सदस्य

(ज) नगरपालिका तहको अस्पतालको नर्सिङ ईन्चार्ज एक जना- सदस्य

(झ) स्थानिय उद्योग व्यवसायीहरु मध्येबाट कार्यपालिकाले तोकेको एकजना-सदस्य

(ञ) उपभोक्ता हित संरक्षण मञ्चको प्रतिनिधि एकजना

ट) नगरपालिका तहको अस्पतालको मे.सु.- सदस्य सचिव

(३) स्थानिय आवश्यकताको अधारमा नगरपालिकाले हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको स्तरोन्ती गरी वा नयाँ थप गरि प्राथमिक स्वास्थ्य सेवा केन्द स्थापना गरी सञ्चालन गर्न सक्नेछ। यसरी स्थापना भएका प्राथमिक स्वास्थ्य सेवा केन्द्र, नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र र आयुर्वेद औषधालयहरुको सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको  समिति रहनेछ :

(क) नगर प्रमुख - संरक्षक

(ख) नगरपालिका भित्र पर्ने सम्बन्धित स्वास्थ्य संस्था अवस्थित वडाको अध्यक्ष - अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट एकजना - उपाध्यक्ष

(घ) सम्बन्धित स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य मध्येबाट एक जना महिला - सदस्य

(ङ) स्थानीय उद्योगी, व्यवसायी मध्येवाट समितिले तोकेको एकजना - सदस्य

(च) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना - सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयका वडा सचिव - सदस्य

(ज) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(४) समितिका पदेन सदस्यहरु संरक्षक, सम्बन्धित वडाका प्रमुख, शिक्षक प्रतिनिधि, नगरपालिका वा वडाका कार्यकारी अधिकारी र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले उपदफा (३) बमोजिम मनोनित हुने समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ ।

(५) उपदफा (३) बमोजिम गठन हुने समितिमा पुरुष अध्यक्ष रहेको अवस्था भएमा महिला उपाध्यक्ष र महिला अध्यक्ष भएको हकमा पुरुष उपाध्यक्षको व्यवस्था गर्नुपर्नेछ । समितिमा प्रतिनिधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका प्रमुख/प्राचार्य मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला प्रमुख/प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिन सक्ने महिला शिक्षिकाहरु मध्येबाट एकजना मनोनित गर्न सक्नेछ ।

(६) व्यवस्थापन समितिको बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ,

क. दलित जनजातिबाट १ जना

ख. अपाङग, अशक्त वा जेष्ठ नागरिकहरु मध्येबाट १ जना

ग. किशोरकिशोरीहरुको तर्फबाट १ जना

घ. महिला स्वास्थ्य स्वंसेविका १ जना

(७) नगरपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैर सरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा संलग्न गराउन सकिने छ ।

(८) नगरपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्था सुनिश्चत गर्नका लागि पहिले गठित स्वास्थ्यसंग सम्बन्धित अन्य समितिहरुको विघटन गरी ती समितिहरुले गरी आएको कार्यहरु पनि यसै ऐनमा व्यवस्था भए अनुसार गठीत समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(९) उपदफा (२) र (३) बमोजिम गठन भएका व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (भ) मा भएको नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित (बुंदा १ देखि १२) कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु (बुंदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने ( अनुसूचि २) ।

(घ) स्वास्थ्यको बृहत् सामाजिक सास्कृतिक र आर्थिक निर्धारक तत्वहरुको कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानव स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुवाट वच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने ।

(ङ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

(च) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(छ) स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र स्वास्थ्य सेवा उपभोगको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने ।

(ज) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व–मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

(झ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । अभिलेख तथा प्रतिवेदनलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ञ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ट) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(ठ) विद्युतीय स्वास्थ्यको अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै जाने । सोको कार्यान्वयनका लागि नगरपालिका अन्तर्गतका नगरपालिका स्वास्थ्य व्यवस्थापन समिति र स्वास्थ्य शाखा संग आवश्यक समन्वय गर्ने ।

(ड) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(ढ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल पाँच वर्षको हुनेछ ।

(११) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ ।

(१२) कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन । तर पदेनको हकमा यो लागु हुने छैन ।

**१०. बैंक खाता सञ्चालन** :(१) संघीय तथा प्रदेश कानुनसंग नबाझिने गरि नगरपालिका मातहतमा रहेका स्वास्थ्य संस्थाहरुले नगरपालिकाको लेखा प्रणालीमा सामञ्जस्यता हुनेगरि छुट्टै बैंक खाता सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम रहेको बैक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) उपदफा (२) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन गर्न सकिने:** (१) व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी नगरपालिकाको स्वास्थ्य व्यवस्थापन समितिले मनासिब कारण र तथ्य सहित कार्यपालिकामा सिफारिश गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया पुरा गराई व्यवस्थापन समितिलाई विघटन गर्नसक्नेछ । तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को समिति गठन नभएसम्म वा अन्य कुनै कारणले समिति गठन नभएसम्म कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

## परिच्छेद - ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयम सेवक सम्बन्धी व्यवस्था

**१२. नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखको व्यवस्था :** (१) नगरपालिकामा स्वास्थ्य शाखा हेर्न नेपाल सरकारले तोकेको सांगठनिक संरचना अनुसार नगरपालिकामा स्वास्थ्य शाखा प्रमुखको व्यवस्था गरिने छ ।

(२) स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**१३.कर्मचारी व्यवस्थापन :** (१) स्वास्थ्य संस्थामा हाल कार्यरत कर्मचारीहरु स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम तथा कर्मचारी समायोजन ऐन २०७५ द्धारा समायोजन भई आएका कर्मचारी कार्यरत रहेको मानिनेछ ।

(२) नगरपालिकामा आवश्यक स्थायी दरबन्दि पदपुर्तिका लागि प्रदेश लोकसेवा मार्फत गरिनेछ ।

(३) स्थानिय स्रोतबाट करारमा भर्ना गरि कार्यरत कर्मचारीको सेवा, सर्त र सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(४) नगरपालिका भित्रका सरकारी स्वास्थ्य संस्था मार्फत् आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ५ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(क) स्थायीः नगरपालिकाको सेवामा रहेका, नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका , प्रदेश लोकसेवा मार्फत सिफारीस भई आएका स्वास्थ्यकर्मीहरु,

(ख) करारः स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका, संघ तथा प्रदेश मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(ग)अभ्यासकर्ताः प्रचलित कानुन अनुसार संचालनमा रहेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत बिद्यार्थीहरु लाई अभ्यासकर्ता स्वास्थ्यकर्मीहरु

(घ) दैनिक ज्यालादारी : नगरको स्वास्थ्य कार्यक्रम संचालनको निमित्त आवश्यकताको आधारमा दैनिक ज्यालादारीमा कार्यरत स्वास्थ्यकर्मीहरु

ङ) स्वास्थ्य अभियानकर्ता र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु

**१४. स्वास्थ्य अभियानकर्ता तथा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको व्यवस्थाः** (१) स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुर्‍याउन र जनचेतना फैलाउन नगरपालिकाले स्वास्थ्य आमा समुहको छनौटमा स्वास्थ्य संस्था व्यवस्थापन समितिले महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ । यस अघि कार्यरतलाई स्वयमसेविकालाई यसै व्यवस्था अनुसार भएको मानिनेछ ।

(२) नगरपालिकाले विशिष्टिकृत अवस्थामा स्वास्थ्य व्यवस्थापन समितिको सिफारिसमा तोकिएको प्रक्रिया पुरा गरि स्वास्थ्य अभियानकर्ता नियुक्ती गरि परिचालन गर्न सक्नेछ ।

(३) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको छनौट निर्देशिकाले तोके बमोजिमको प्रक्रिया अपनाई गरिनेछ

(४) प्रति १००० जनसंख्याको लागि १ जना महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका रहने गरि स्वास्थ्य आमा समुहले व्यवस्थापन समिति समक्ष सिफारिस गर्न सक्नेछ ।

(५) व्यवस्थापन समितिले नियुक्त गरेका प्रत्येक महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई आधारभूत स्वास्थ्य सम्वन्धी तालिम प्रदान गरे पश्चात परिचालन गर्नुपर्नेछ ।

(६) ६० बर्ष उमेर पुगेका कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई नेपाल सरकार र नगर कार्यपालिकाले निर्धारण गरे बमोजिमको प्रोत्साहन भत्ताको व्यवस्था गरी अनिवार्य बिदाइ गर्ने छ ।

(७) कुनै पनि सरकारी संस्थामा कार्यरत तलवी कर्मचारी तथा शिक्षकले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्न पाइने छैन ।

(८) स्वास्थ्य अभियानकर्ता तथा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका सम्बन्धि अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे  बमोजिम हुनेछ ।

**१५. स्वास्थ्यकर्मीको सेवा सुविधाः** (१) स्थायी स्वास्थ्यकर्मीहरुको सेवा सुविधा संघ तथा प्रदेश सरकारले तोके बमोजिम हुनेछ । आवश्यकता र क्षमताका आधारमा कार्यपालिकाले अन्य सेवा सुविधा थप गर्न सक्नेछ ।

(२) करार स्वास्थ्यकर्मीको सेवा सुविधा सम्बन्धीत दरबन्दिको प्रचलित तलब स्केल वा दुई पक्षबीचको आपसी समझदारीमा भएको करार सम्झौता बमोजिम हुनेछ ।

(३) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई वार्षिक रुपमा पोशाक भत्ता, सञ्चार तथा यातायात खर्च, काममा खटाइएमा सो दिनको पारिश्रमिक लगायतका सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(५) स्वास्थ्यकर्मीको बिदा र सेवा सुविधा सम्वन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. स्वास्थ्यकर्मीको सेवा सुविधाः** (१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सरकारले तोकेको स्केल वमोजिम तलव र नगर कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा उपलब्ध गराउन सकिनेछ

(२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीको पदस्थापन तथा कार्यजिम्मेवारी दिँदा संगठन र संरचनाको प्रतिकुल नहुने गरि तोक्न सक्नेछन ।

(४) महिला स्वास्थ्य स्वयंसेविका : पोशाक, वार्षिक रुपमा तोकिए बमोजिम सञ्चार तथा यातायात खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको तोकिए बमोजिमको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

**१७. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्तिः** सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको न्यूनतम दरवन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । (१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट सिफारिस भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । थप कर्मचारीको आवश्यकता परेमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(२) करार सेवामा कर्मचारीको नियुक्ति नगरपालिकाको करारमा प्राविधिक कर्मचारी नियुक्ति गर्ने कार्यविधि बमोजिम हुनेछ ।

**१८. कर्मचारी सरुवाः** स्वास्थ्यकर्मीहरुको नगरपालिका भित्रको आन्तरिक सरुवा प्रमुख प्रशासकीय अधिकृतवाट हुनेछ ।

**१९. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ । (१) नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य अनुगमन समितिले तयार पारी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२०. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार** (१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नुपर्दछ । (२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय नगर कार्यपालिकाले तोकेबमोजिम हुने

## परिच्छेद ५

## स्वास्थ्य संस्था स्थापना तथा संचालन सम्वन्धी व्यवस्था

**२१. स्वास्थ्य संस्था खोल्न अनुमति लिनुपर्नेः** (१) कुनै व्यक्ति, समुह वा संघ संस्थाले निजी, सामुदायिक वा लोक कल्याणकारी स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकामा तोकिएको प्रकृया पुरा गरी अनुमतिका लागी निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर नगरपालिकाले अनुगमन उप-समिति मार्फत आवश्यक स्थलगत अनुगमन तथा जाँचवुझ गरी राय सहितको प्रतिवेदन नगरपालिका स्वास्थ्य व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ । सोहि प्रतिवेदनका आधारमा नगरपालिकाको स्वास्थ्य व्यवस्थापन समितिको सिफारिसमा स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनका लागि अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई स्थापना गरिएको स्वास्थ्य संस्थाले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा सेवा संचालनका लागि नगरपालिकाको स्वास्थ्य व्यवस्थापन समितिको सिफारिशमा कार्यपालिकाको निर्णयले स्वीकृति प्रदान गर्नेछ ।

(४) प्रचलित कानुन बमोजिम नगरपालिकाको स्वामित्वमा रहने वाहेकका अन्य कुनैपनि स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय सरकारी वा सार्वजनिक स्थानमा सञ्चालन गर्ने अनुमति दिइने छैन ।

(५) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यवाट स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसाय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृयाबाट स्वीकृति लिई सामुदायिक प्रतिष्ठान अन्तर्गत स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसाय सञ्चालन गर्नसक्नेछ ।

(६) उपदफा (५) बमोजिम सञ्चालित स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसायले पालना गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) प्रचलित कानून वमोजिम अनुमती/स्विकृती प्राप्त गरी नगरपालिका भित्र संञ्चालनमा रहेका क्षेत्राधिकार भित्र पर्ने स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय यसै ऐन अनुसार स्थापना भएको मानिने छ । त्यस्ता संस्थाहरुले यो ऐन जारी भएको मितीले ३ (तीन) महिना भित्र दर्ता नियमित गर्न/गराउन तोकिएको ढाँचामा संम्पुर्ण विवरण सहितको निवेदन पेश गर्नु पर्नेछ ।

(८) स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय दर्ता तथा सञ्चालन प्रचलित कानून र कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) उपदफा (२) र (३) बमोजिम खोलिएका कुनै पनि नीजि, सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायवाट यो ऐन र अन्तर्गत बनेको नियमावली विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्तो कुनै नीजि स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायलाई प्रदान गरेको अनुमति वा स्वीकृति नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिको सिफारिशमा रद्ध गर्न सक्नेछ । त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सफाई पेशगर्ने मौका दिइनेछ । खारेजी उपर चित्त नबुझे सम्बन्धित निकायमा उजुरी दिन सकिने छ ।

## परिच्छेद ६
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन मापदण्ड सम्वन्धी व्यवस्था

**२२. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्डः** (१) नगरपालिकाले तोकिएको मापदण्ड पुरा गरि १५(पन्ध्र) शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । नगरको आवश्यकताका आधारमा संघीय तथा प्रदेश कानुनसंग नबाँझिने गरि अस्पतालको क्षमता विस्तार गर्न सक्नेछ ।

(२) नगरपालिकाले प्रत्येक वडामा कम्तिमा एउटा स्वास्थ्य संस्था रहनेगरी र जनसंख्याको अनुपातमा थप गर्न आवश्यक रहेमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी वा आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(क) जनशक्तिः नेपाल सरकारबाट तोकिएको दरबन्दी अनुसारको जनशक्ति रहनेछ । आवश्यकता अनुसार नगरपालिकाले जनशक्ति थप गर्न सक्नेछ ।

(ख) भौतिक पुर्वाधारः अस्पताल तथा स्वास्थ्य संस्था संचालनको लागि निर्देशिकाले तोके बमोजिमको मापदण्ड अनुसारको भौतिक संरचना र सुविधा सहितको भवन हुनुपर्नेछ ।

(ग) उपकरणः स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक उपकरणहरु उपलब्ध हुनुपर्नेछ ।

(३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र : नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिका आफैंले आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(क) जनशक्तिः नेपाल सरकारबाट तोकिएको दरवन्दी अनुसारको जनशक्ति हुनेछ । नगरपालिकाले थप जनशक्ति तोक्न सक्नेछ ।

(ख) भौतिक पुर्वाधारः संचालनको लागि निर्देशिकाले तोके बमोजिमको मापदण्ड अनुसारको भौतिक संरचना र सुविधा सहितको भवन हुनुपर्नेछ ।

(ग) उपकरणः आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आवश्यक उपकरणहरु ।

**२३. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्नेः** (१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र, ट्रष्ट, प्रतिष्ठान वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५(पन्ध्र) शैया सम्मको सञ्चालन अनुमति नगरपालिकाले दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचा र प्रकृया अनुसार निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य अनुगमन उप-समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्नेगरी आशय-पत्र प्रदान गर्न स्वास्थ्य व्यवस्थापन समिति मार्फत कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा कार्यपालिकाले दुई बर्षभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

(७) स्वास्थ्य अनुगमन उप-समितिले नगर क्षेत्रमा संचालित सबै निजी स्वास्थ्य संस्थाहरुको नियमित रुपमा अनुगमन गर्नुपर्नेछ ।

(८) स्वास्थ्य संस्था स्थापना र सञ्चालनका लागि आवश्यक पुर्वाधार, जनशक्ति, औजार तथा उपकरण र अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**२४. मापदण्ड पूरा नगरेमा सजाय हुनेः** (१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुठो विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा नगरेको पाइएमा अनुगमन उप- समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) स्वास्थ्य सेवा प्रदान गर्दा सम्बन्धीत स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको स्वास्थ्यकर्मीले मात्र सेवा प्रदान गर्नुपर्नेछ । अन्यथा प्रचलित कानून बमोजिम दण्ड जरिवाना देखि अनुमति खारेज गर्न सकिनेछ ।

**२५. सहुलियत र छुटको व्यवस्था गर्नुपर्नेः** (१) सामुदायिक, निजी, ट्रष्ट तथा प्रतिष्ठान वा लोककल्याणकारी संस्थाद्वारा सञ्चालित स्वास्थ्य संस्थाहरुले कुल सेवाग्रहिको कम्तीमा १० प्रतिशत गरिव, विपन्न, असहाय, अपांग, सिमान्तकृत लगायतका सेवाग्रहीहरुलाई निःशुल्क सेवा प्रदान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइएको सेवाको आधार सहितको विवरण नगरपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ७

## कोष, शुल्क तथा स्वास्थ्य संस्थाको सम्पत्ति सम्वन्धी व्यवस्था

**२६. स्वास्थ्य सेवा विकास कोषः** (१) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता संस्थामा, मर्मत सम्भार तथा गुणस्तर अभिवृद्धि गर्न नगरपालिकामा स्वास्थ्य सेवा विकास कोष स्थापना गर्न सकिनेछ । कोषको सञ्चालन कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

**२७. आकस्मिक स्वास्थ्य सेवा कोषः** (१) नगरपालिका मातहतमा रहेका स्वास्थ्य संस्थाहरुमा संचालन तथा लेखा प्रणालीको व्यवस्थापन हुने गरी आकस्मिक स्वास्थ्य सेवा कोष स्थापना तथा संचालन गर्न सकिनेछ ।

**२८. शुल्क सम्वन्धी व्यवस्थाः** (१) नगरपालिका मातहतका सरकारी स्वास्थ्य संस्थाहरुबाट नेपाल सरकारले तोकेका आधारभुत स्वास्थ्य सेवा प्रदान गर्दा कुनै पनि किसिमको शुल्क लिन पाईने छैन ।

(२) नगरपालिकाको स्वामित्व भएका स्वास्थ्य संस्थावाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागी नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकौ कुरा लेखिएतापनि निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागी तोकिएको वाहेकका सेवा दिन नगरपालिकाले आफ्नो पहलमा थप सेवा दिदा श्रोत र सामर्थ्य नपुगी सेवा तथा वस्तु खरिद, उपयोग, सञ्चालन व्यवस्थापनका लागी स्वास्थ्य व्यवस्थापन समितिको सिफारीसमा कार्यपालिकाले निर्धारण गरेको सेवा शुल्क स्थानीय राजपत्रमा प्रकाशन गरी लागु गर्न सक्नेछ ।

(४) सामुदायीक, निजी तथा लोक कल्यकाणकारी स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने स्वास्थ्य सेवाको शुल्क सेवा र गुणस्तरको आधारमा स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारीसमा कार्यपालिकाले निर्धारण गरि स्थानीय राजपत्रमा प्रकाशन गरी लागु गर्न सक्नेछ ।

(५) यस ऐन विपरीत शुल्क लिने स्वास्थ्य संस्थालाई नगरपालिकाले यसरी लिएको शुल्कको दोब्बर जरिवाना गर्न सक्नेछ ।

**२९. स्वास्थ्य संस्थाको सम्पत्तिः** (१) नगरपालिकाको स्वमित्वमा आएको र आउने स्वास्थ्य संस्थाको नाममा रहेको चल अचल सम्पत्ति नगरपालिकाको सम्पत्ति हुनेछ । नगरपालिकाले प्रयोगमा आउने वाहेक अन्य सम्पती प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम नगरपालिकाको स्वास्थ्य सेवा विकास कोषमा जम्मा गर्नुपर्नेछ ।

(२) सार्वजनिक प्रतिष्ठान अन्तर्गत सञ्चालित संस्थाको सम्पत्ति सोही प्रतिष्ठानको नाममा रहनेछ । कुनै स्वास्थ्य संस्था सार्वजनिक प्रतिष्ठानको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुको सम्पत्ति सम्वन्धित व्यक्ती वा निकायको स्वमित्वमा रहनेछ ।

(४) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको पुर्व स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न नगरपालिकाको सिफारीसमा संघीय सरकारवाट पुर्व स्वीकृति लिनु पर्नेछ ।

(५) संघीय सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्वीकृति बेगर र नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नगरपालिकाको स्वीकृति बेगर बेचविखन तथा अन्यथा गर्न पाइने छैन ।

**३०. छुट र सुविधाः** (१) सामुदायिक र सार्वजनिक प्रतिष्ठानको रुपमा सञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा छुट सम्बन्धि व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(२) सरकारी, सामुदायिक र सार्वजनिक प्रतिष्ठानको रुपमा सञ्चालित स्वास्थ्य संस्थालाई दिइने अन्य छुट र सुविधा कार्यपालिकाले निर्धारण गरे  बमोजिम हुनेछ ।

## परिच्छेद ८

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्वन्धी व्यवस्था

**३१. बार्षिक खरिद योजना बनाउनु पर्नेः** (१) आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी  तथा स्वास्थ्यजन्य सामाग्रीको खरिद तथा व्यवस्थापन गर्न बार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) बार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद इकाईले तयार गर्नेछ ।

**३२. औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिदः** (१) औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिदका लागि नगरपालिका स्वास्थ्य शाखाले प्रक्रिया अगाडी बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्यजन्य समाग्रीको खरिद कार्यमा प्रचलित कानूनको प्रावधान अनुसार गर्नु पर्नेछ ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधिको कूल परिमाण र रकम सार्वजनिक गर्नु पर्नेछ ।

**३३. औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको भण्डारण:** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको लागि तोकिएको मापदण्ड पुरा हुने गरि छुट्टै भण्डारण कक्षको व्यवस्था गर्नुपर्नेछ ।

(२) सम्वन्धित स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी बितरण सम्वन्धी विस्तृत विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित नगरपालिका स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

## परिच्छेद ९

## स्वास्थ्य सेवाको गुणस्तर सम्वन्धी व्यवस्था

**३४.स्वास्थ्य सेवाको गुणस्तर तोक्न सक्ने:** (१) नगरपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको गुणस्तर निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर निर्धारण गर्दा नगरपालिका गुणस्तर सुनिश्चितता उप-समितिले न्युनतम सेवा मापदण्ढ र राष्ट्रिय चिकित्सा मापदण्ड अनुरुप हुने गरी निर्धारण गर्नुपर्नेछ ।

(३) नगरपालिका  अनुगमन तथा गुणस्तर सुनिश्चितता उप-समितिले नियमित रुपमा नगरपालिका क्षेत्राधिकार भित्र रहेका सम्पुर्ण स्वास्थ्य संस्थाहरुको गुणस्तर लेखाजोखा गर्नुपर्नेछ ।

**३५. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन:** (१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु तय गरी सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद १०

## आपतकालिन स्वास्थ्य सेवा प्रवाह तथा संक्रामक रोग व्यवस्थापन सम्बन्धि व्यवस्था

**३६. आपतकालिन स्वास्थ्य सेवा तथा व्यवस्थापन:** (१) नगरपालिकाले आपतकालिन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद तथा प्रतिकार्य योजना तयार गरि लागु गर्नेछ ।

(२) आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुराउन द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकिय समुह परिचालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकिय समुहको गठन, परिचालन तथा श्रोत व्यवस्थापन सम्बन्धि व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) नगरपालिका स्तरमा विपद व्यवस्थापन केन्द्र स्थापना तथा संचालन गर्न सकिनेछ, यसरी विपद व्यवस्थापन केन्द्र संचालन गर्दा नजिकको स्थानीय तहसंग संयुक्त रुपमा संचालन गर्नु पर्नेछ ।

**३७. संक्रामक रोग रोकथाम तथा व्यवस्थापन:** (१) स्थानीय स्तरमा कुनै नागरिकलाई संक्रामक रोग लागेमा सो को जानकारी २४ घण्टाभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयमसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेको थाहा हुन आएमा सो को जानकारी ५ दिनभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य महिला स्वास्थ्य स्वयम सेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको बिवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

(४) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सो को प्रभावक्षेत्र निर्क्यौल गरी विद्यालय वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(५) महामारीबाट थप क्षति हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार समक्ष अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गर्नु पर्नेछ ।

६) नगरपालिकाले स्वास्थ्य संकट एवम बिपद पुर्वतयारी तथा प्रतिकार्य योजना बनाई लागू गर्न सक्नेछ ।

## परिच्छेद ११

## जनस्वास्थ्य संरक्षण, प्रवर्धन तथा वातावरणिय स्वास्थ्य सम्बन्धी व्यवस्था

**३८.जनस्वास्थ्य प्रवर्धनः** (१) खाद्यान्न, तरकारी तथा फलफुल, दुग्धजन्य पदार्थ, मासु जन्य पदार्थ, पानी लगायतका उपभोग्य वस्तुको उत्पादन,भण्डारण तथा बिक्रि वितरणलाई स्वच्छ र गुणस्तरीय बनाउन नगरपालिकाले न्युनतम गुणस्तर मापदण्ड तोक्न सक्नेछ ।

(२) जनस्वास्थ्य मैत्री आवास तथा पुर्वाधार निमार्ण, जनस्वास्थ्य लाई प्रभावित पार्ने विज्ञापन तथा प्रचार प्रसार, सामाजिक सांस्कृतिक अन्धविश्वास लाई नियमन गर्न नगरपालिकाले आवश्यक कानून बनाई लागु गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य प्रवर्धनका लागि नगरपालिका क्षेत्रमा रहेका रणनितिक स्थानहरुमा सार्वजनिक शौचालय, योग तथा व्यायमशालाहरु, खुल्ला स्थान तथा खेल मैदानहरु, हरित उद्यान लागायतका सेवा तथा संरचनाहरु स्थापना तथा संचालन गर्न सक्नेछ ।

(४) पेशागत स्वास्थ्य सुरक्षालाई व्यवस्थित र मर्यादित बनाउन नगरपालिकाले आवश्यक मापदण्ड तयार गरि लागु गर्न सक्नेछ ।

(५) जनस्वास्थ्य प्रवर्धन सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

**३९. वातावरणिय स्वास्थ्यः** (१) ध्वनी, बायु, जल तथा दृश्य प्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्युनिकरण गर्न नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) नगरपालिकाको स्वास्थ्यजन्य फोहोर मैला व्यवस्थापन सम्बन्धमा फोहोरमैला व्यवस्थापन ऐन, नियम तथा कार्यविधिले तोके बमोजिम हुनेछ ।

(३) स्वास्थ्यजन्य फोहोरमैला संकलन, प्रशोधन, विर्सजन र नियमनको लागि नगरपालिकाले आवश्यक प्रबन्ध मिलाउन पर्नेछ ।

(४) स्वास्थ्यजन्य फोहोरमैलालाई फोहोरको प्रकृति अनुसार भिन्नभिन्न राख्नु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

**४०.सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः** (१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरणको लागि प्रचलित कानुनमा लेखिएमा सोही बमोजिम र अन्यको हकमा नगरपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरण गर्न बन्देज गरिनेछ ।

(३) सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको विक्री बितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

## परिच्छेद १२

## जरिवाना सम्बन्धि व्यवस्था

**४१. जरिवाना गरिने:** (१) कसैले सरकारी, समुदायिक, सार्वजनिक प्रतिष्ठानको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्था तथा स्वस्थ्य सेवा व्यवसायको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई नगरपालिकाको स्वास्थ्य व्यवस्थापन समितिले पेश गरेको राय सुझाव तथा प्रतिवेदनको आधारमा नगरपालिकाले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कुनैपनि स्वास्थ्य सेवा प्रदायक संस्था वा व्यक्तिले यस ऐन विपरित कुनै कार्य गरेमा, नगरपालिकाले तोकेको मापदण्ड पुरा नगरेमा, नगरपालिकाले दिएको निर्देशन पालन नगरेमा कसुरको गाम्भिर्यतालाई विचार गरि नगरपालिकाले तोकिय बमोजिम जरिवाना गर्नेछ ।

(३) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ:

(क) उपचार, सेवा र सेवा संग सम्वन्धित विषयको व्यक्तिगत गोपनियता भङ्ग गरेमा,

(ख) स्वास्थ्य परीक्षण उपचार तथा सेवा दिदा लापरवाही, विभेद वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) उपचारमा बद्नियत राखी दुख दिएमा, अमर्यादित कार्य गरेमा,

(घ) कानून विपरितका अन्य कार्य गरेमा ।

(४) जरिवाना सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(५) उपदफा (१), (२), (३), (४) बमोजिम जरिवाना गर्नु अघि कार्यपालिकाले तोकिए बमोजिम काम, कर्तव्य र अधिकार भएको छानविन समिति गठन गरि छानविन गर्नेछ ।

(६) नगरपालिकाको तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**४२. प्रचलित कानुन बमोजिम सजाय हुने:** (१) यस ऐनमा उल्लेखित विषयमा यसै ऐन बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

## परिच्छेद १३

## विविध

**४३. सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने:** (१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भय रहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सवैको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछन् ।

(३) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जातजाति, वैचारिक आस्था वा अन्य यस्तै कुराको आधारमा भेदभाव गरिने छैन । तर अशक्त, गर्भवति महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग तथा फरक क्षमता भएका सेवाग्राहिहरुलाई प्राथमिकता दिनुपर्ने छ ।

(४) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिदा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्वन्धित स्वास्थ्य संस्था र कार्यरत स्वस्थ्यकर्मीको कर्तव्य हुनेछ । व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा कुनैपनि बहानामा अन्यथा भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**४४. निजी मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिसः**

(१) संघीय, प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**४५. अभिलेखिकरण तथा प्रतिवेदनः**

(१) नगरपालिका क्षेत्रभित्रका संचालनमा रहेका सम्पुर्ण स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्रहिको अभिलेख सुरक्षित रुपमा राख्ने र तोकिएको निकायमा प्रतिवेदन गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(२) नगरपालिका तथा सम्वन्धित निकायले माग गरेको अवस्थामा वा कुनैपनि समयमा तोकिएका विवरणहरु माग गर्ने निकायमा पेश गर्नु सम्वन्धित संस्थाको जिम्मेवारी हुनेछ ।

**४६. नियम बनाउने अधिकारः** (१) यो ऐन कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**४७. मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

**४८. संक्रमणकालीन व्यवस्थाः** (१) यस ऐनले तोकिएको तथा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म कार्यपालिकाले गर्नसक्नेछ ।

**४९. बाधा अडकाउ फुकाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ ।

**५०. खारेजी र बचाउः** (१) यो ऐन बन्नुभन्दा पहिले प्रचलित कानुन अनुसार भए गरेका कामहरु यसै ऐन अनुसार भएको मानिनेछ र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) संघीय र प्रादेशिक कानूनसँग बाझिन गएमा बाझिन गएका यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।